# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, असोज २ गते २०३७ साल [ अतिरिक्ताङ्क ३५

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३७ सालको ऐन नं. ११

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## स्थानीय प्रशासन ऐन, २०२८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:- स्थानीय प्रशासन ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्थानीय प्रशासन (दोस्रो संशोधन) ऐन, २०३७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय प्रशासन ऐन, २०२८ को प्रस्तावनामा संशोधन : स्थानीय प्रशासन ऐन, २०२८ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेको "एकीकरण गर्न" भन्ने शब्दहरू पछि "तथा शान्ति र व्यवस्था कायम राख्न" भन्ने शब्दहरू थपिएका छन् ।

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को,–

(१) उप-दफा (४) मा रहेको "प्रमुख जिल्ला अधिकारीको अधिकार" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारी वा अन्य अधिकारीको अधिकार" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-दफा (५) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:–

"(ख) जिल्लाभित्र श्री ५ को सरकार जिल्ला पञ्चायत, नगर पञ्चायत वा गाउँ पञ्चायतले सञ्चालन गरेका विकास कार्यहरूमा सहयोग पुर्‍याउने ।"

(३) उप-दफा (६) झिकिएको छ ।

४. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उप-दफा (१) को खण्ड (ग) झिकिएको छ ।

५. मूल ऐनमा दफा ६क. र ६ख. थप : मूल ऐनको दफा ६ पछि देहायका दफा ६क. र ६ख. थपिएका छन्:–

"६क. कर्फ्यू लगाउन सक्ने : (१) कुनै ठाउँमा आन्दोलन वा हूलदंगा भई शान्ति भङ्ग हुन जाने देखिएमा परिस्थितिको विचार गरी आवश्यक भएमा अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले त्यस्तो स्थानको सीमाना र समय तोकी सो ठाउँमा कसैले आवत जावत गर्न, भेला हुन र तोकेको अरू कुनै काम गर्न नपाउने गरी कर्फ्यू लगाउन आदेश जारी गर्न सक्नेछ । त्यसरी कर्फ्यूको आदेश दिंदा कर्फ्यूको आदेश दिने अधिकारीले सो आदेश, कर्फ्यू लाग्ने क्षेत्र र सो वरिपरिका क्षेत्रका सर्वसाधारण जनताको जानकारीको लागि प्रचार गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम आदेश जारी भएपछि निषेध गरिएको स्थान र समयभित्र कर्फ्यूको आदेश दिने अधिकारीबाट गोप्य संकेत लिएको इजाजत प्राप्त व्यक्तिबाहेक अरू कसैले आवत जावत गर्न हुँदैन।

(३) कर्फ्यूको आदेश उल्लङ्घन गर्ने व्यक्तिलाई प्रहरीले गिरफ्तार गर्नेछ र त्यसरी गिरफ्तार गरिएको व्यक्तिलाई तुरुन्त प्रहरीले कर्फ्यूको आदेश दिने अधिकारी-समक्ष पेश गर्नु पर्नेछ। त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई कर्फ्यूको आदेश दिने अधिकारीले उपयुक्त सम्झेको संक्षिप्त कार्यविधि अपनाई एक महीनासम्म कैद वा एकहजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय गर्न सक्नेछ र उक्त सजायको आदेशउपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ।

(४) कर्फ्यूको आदेश दिंदा कर्फ्यूको आदेश दिने अधिकारीले कर्फ्यूको स्थिति-लाई नियन्त्रणमा राख्न कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन प्रहरी-लाई आदेशसमेत दिन सक्नेछ। त्यस्तो स्थितिमा प्रहरीले गोली चलाउन आवश्यक परेमा गोली चलाउनुभन्दा अगाडि कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थिति अनुसार लाठी चार्ज, अश्रुग्याँस, फोहरा वा हवाई फायर गर्नु पर्नेछ र त्यति गर्दा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसंग बुझिने गरी चेतावनी दिनु पर्नेछ। त्यसरी चेतावनी दिंदा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्नेछ।

तर यस उप-दफामा लेखिएको कुनै कुराले पनि कर्फ्यूको आदेश दिने अधिकारीलाई हिंसात्मक प्रवृत्ति देखाई कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई देख्ने-बित्तिकै गोली हान्ने आदेश दिन बाधा पुऱ्याएको मानिनेछैन।

(५) अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले आदेश जारी गरी लगाइएको कर्फ्यूको अवधिलाई सोही अधिकारीले परिस्थिति अनुसार घटाउँदै लगी स्थिति सामान्य भएपछि कर्फ्यू पूर्णतया हटाइनेछ।

(६) प्रमुख जिल्ला अधिकारीले कर्फ्यूको आदेश दिएकोमा त्यसको जानकारी अञ्चलाधीश र श्री ५ को सरकारलाई र अञ्चलाधीशले कर्फ्यूको आदेश दिएकोमा त्यसको जानकारी श्री ५ को सरकारलाई तुरुन्त दिनु पर्नेछ।

६ ख. <u>दंगाग्रस्त क्षेत्र घोषित गर्न सक्ने</u> : (१) कुनै क्षेत्रमा जुलूस, भीड वा संगठित समूहले हातहतियारसमेत लिई वा नलिई लूटपीट गर्ने, घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने जस्ता हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने स्थिति देखिएमा र यसको रोकथाम सामान्य प्रहरी कारवाहीद्वारा हुन सक्दैन भन्ने लागेमा अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले उक्त क्षेत्रलाई दंगाग्रस्त क्षेत्र

483

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घोषित गर्न सक्नेछ । यसरी दंगाग्रस्त क्षेत्र घोषित गरेपछि सो क्षेत्रको शान्ति सुव्यवस्था कायम गर्न दंगाग्रस्त क्षेत्र घोषित गर्ने अधिकारीले देहायबमोजिमको कुनै वा सबै कारवाही गर्न सक्नेछः–

(क) त्यस्तो क्षेत्रमा शंकास्पद व्यक्तिहरूलाई पक्राउपुर्जी विना पक्राउ गर्ने र सार्वजनिक सुरक्षा ऐन, २०१८ बमोजिम नजरबन्दमा राख्ने,

(ख) त्यस्तो क्षेत्रमा लूटपीट गर्ने तथा घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्नेबित्तिकै गोली प्रहार गर्ने,

(ग) त्यस्तो क्षेत्रमा कुनै प्रकारको भेला, जुलूस, सभा, बैठक वा प्रदर्शन गर्न वा पोष्टर पर्चा जस्ता प्रचार सामग्री टाँस्न वा लेख्न निषेध गर्ने,

(घ) त्यस्तो क्षेत्रमा अत्यावश्यक वस्तुहरूको आपूर्तिको व्यवस्था मिलाउन त्यस्ता वस्तुहरूको परिवहन, सञ्चय, बिक्री–वितरणमा नियन्त्रण गर्ने,

(ङ) त्यस्तो क्षेत्रमा शिक्षण संस्थालगायत अन्य कुनै संस्था, मनोरञ्जन केन्द्र र कार्यालय बन्द गराउने,

(च) त्यस्तो क्षेत्रमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम कुनै आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने,

(छ) त्यस्तो क्षेत्रमा पाँचजना वा सोभन्दा बढी व्यक्तिहरू जम्मा हुन निषेध गर्ने,

(ज) त्यस्तो क्षेत्रमा कर्फ्यू लगाउने,

(झ) त्यस्तो क्षेत्रमा उपरोक्त कार्यहरूको लागि आवश्यक देखेमा शाही सेनाको सहयोग लिने ।

(२) दंगाग्रस्त क्षेत्रमा अवैध हातहतियार एवं खरखजाना राखेको छ भन्ने शंका लागेमा दंगाग्रस्त क्षेत्र घोषित गर्ने अधिकारीको आदेशले त्यस्ता क्षेत्रमा रहेका जुनसुकै व्यक्तिको घर, पसल, कम्पाउण्ड वा गोदाम आदिमा पूर्वसूचना नदिइकनै घटीमा प्रहरी सहायक निरीक्षकसम्मका दर्जाका प्रहरी कर्मचारीले खानतलासी गर्न सक्नेछ ।

(३) उप-दफा (१) बमोजिम दंगाग्रस्त क्षेत्र घोषित गर्दा अञ्चलाधीशले भए एक पटकमा बढीमा एक महीनासम्मको अवधिको लागि र प्रमुख जिल्ला अधिकारीले भए एक पटकमा बढीमा पन्ध्र दिनसम्मको अवधिको लागि मात्र घोषित गर्न सक्नेछ । प्रमुख जिल्ला अधिकारीले अञ्चलाधीशको सहमति प्राप्त गरी उक्त अवधि अर्को पन्ध्र दिनसम्मको लागि बढाउन सक्नेछ । एक महीनाभन्दा बढी अवधि बढाउन आवश्यक परेमा सम्बन्धित अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले श्री ५ को सरकारको स्वीकृति लिई सो अवधि एक पटकमा थप तीन महीनासम्म बढाउन सक्नेछ ।

(४) प्रमुख जिल्ला अधिकारीले दंगाग्रस्त क्षेत्र घोषित गरेकोमा त्यसको जानकारी अञ्चलाधीश र श्री ५ को सरकारलाई र अञ्चलाधीशले दंगाग्रस्त क्षेत्र घोषित गरेकोमा त्यसको जानकारी श्री ५ को सरकालाई तुरुन्त दिनुपर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उप-दफा (१) को खण्ड (ङ) वा (छ) उल्लङ्घन गर्ने वा उप-दफा (२) बमोजिम खानतलासी लिंदा बाधा विरोध गर्ने व्यक्तिलाई दंगाग्रस्त क्षेत्र घोषित गर्ने अधिकारीले उपयुक्त सम्झेको संक्षिप्त कार्यविधि अपनाई तीन महीनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय गर्न सक्नेछ र उक्त सजायको आदेशउपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ।"

६. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उप-दफा (१०) पछि देहायको उप-दफा (११) र (१२) थपिएका छन्:–

"(११) नगर पञ्चायतक्षेत्रभित्र कसैले गाईवस्तुलाई सडकमा छाडा छोड्न हुँदैन र त्यसरी कसैले गाईवस्तुलाई सडकमा छाडा छोडेमा र त्यस्तो छाडा गाईवस्तुलाई सम्बन्धित नगर पञ्चायतले पक्री नथुनेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाईवस्तुलाई पक्री निजले उपयुक्त सम्झेको तरीका अपनाई लिलाम बिक्री गर्नु पर्नेछ र लिलाम बिक्रीबाट आएको रकम जिल्ला पञ्चायतको कोषमा दाखिल गर्नु पर्नेछ। लिलाम बिक्री हुँदा कसैले नसकारेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाईवस्तुलाई गाईवस्तुको धनीबाहेक अरू कसैलाई विना मोल हस्तान्तरण गर्न सक्नेछ।

स्पष्टीकरण : यस उप-दफाको प्रयोजनको लागि–

(१) "गाईवस्तु' भन्नाले गोरू, भैंसी, राँगा, घोडा, भेडा र बाख्रासमेतलाई जनाउनेछ।

(२) "छाडा गाईवस्तु" भन्नाले गाईवस्तुको धनीले गोठाला वा अरू कुनै व्यक्ति नलगाई सडक बाटोमा छोडी राखेको गाईवस्तु सम्झनुपर्छ।

(१२) उप-दफा (११) उल्लङ्घन गर्ने गाईवस्तुको धनीलाई प्रमुख जिल्ला अधिकारीको आदेशले दुईसय रूपैयाँसम्म जरीवाना हुनेछ र उक्त सजायको आदेशउपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ।

तर छाडा गाईवस्तुको धनीले पुनरावेदन सुन्ने अदालतबाट सफाइ पाए पनि उप-दफा (११) बमोजिम छाडा गाईवस्तुको लिलाम वा हस्तान्तरण भइसकेको कुरामा सो अदालतको फैसलाले कुनै प्रतिकूल असर पारेको मानिनेछैन।"

लालमोहर सदर मितिः– २०३७।६।२।५

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

२९२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।